Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2075.10.10

## राष्ट्रिय वाणिज्य बैंकको ५४ औं वार्षिकोत्सव सम्पन्न
## राष्ट्रिय वाणिज्य बैंक ७७ वटै जिल्लामा पुग्ने पहिलो बाणिज्य बैंक

सम्मानननीय कार्यवाहक प्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले सम्बृद्ध नेपाल सुखी नेपाली अभियानको सफलताको लागि सवै स्थानीय तहमा मात्र नभई हरेक वडा वडामा बैंकको शाखा पुग्नुपर्ने र बैंकहरुले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम विपन्नवर्ग, उत्पादनशील क्षेत्र तथा पूर्वाधार र युवास्वरोजगारको क्षेत्रमा प्राथमिकताका साथ कर्जा लगानी गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५४ औं वार्षिकोत्सब समारोहमा बिहीबार बोल्दै उहांले भन्नुभयो– राष्ट्रिय वाणिज्य बैंकले गरेको प्रगतीमा खुशी लागेको र सातै प्रदेशको ७७ वटै जिल्लामा पुगेकोमा बैंकलाई धन्यवाद दिनुभयो ।

समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा रावा बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणि रहेको बताउनुभयो ।

बैंकका संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले विगत १० वर्ष यता देखि बैंकको सवै वित्तीय सुचकहरु सकारात्मक ढगंले अगाडी बढिरहेका छन् । बैंकले समयानुकुल रुपमा सबै क्षेत्रमा प्रगति गर्दै गईरहेको र बैंकलाई डिजिटल तर्फ लाने क्रममा आज तीनवटा ब्राच्नलाई स्मार्ट ब्रान्चको रुपमा शुभारम्भ गरिएको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनुभयो । उहांले २०७५ पुस मसान्तसम्म बैंकले १ खर्व ८२ अर्व रुपैंया निक्षेप संकलन गरी १ खर्व ३४ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो । बैंकले यस अवधिमा खुद मुनाफा १ अर्व ९६ करोड रुपैंया पुऱ्याएको छ । बैंकको कुल सम्पत्ती रु. २ खर्व ४ अर्ब रुपैंया पुगेको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनुभयो ।

आज भन्दा ५४ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो बैंक आजबाट सातैवटा प्रदेशमा देशका ७७ वटै जिल्लामा आफ्नो उपस्थिति जनाई नेपालको ७७ वटै जिल्लामा पुग्ने पहिलो

बाणज्य बैंक भएको छ । हाल मुलुकभर बैंकका २१७ वटा शाखा कार्यालय, १६५ वटा ए.टि.एम, १७ स्थानमा एक्सटेन्सन काउण्टर, ९३ स्थानमा शाखारहित वैंकिंग सेवा संचालनमा रहेका छन् । कार्यक्रममा  बैंकको उत्कुष्ट शाखा कार्यालय घोषणा, उत्कृष्ट कर्मचारी घोषणा, कर्मचारी सम्मान कार्यक्रम, कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा बैंकको २१७ शाखाहरु मध्ये शाखा कार्यालय नक्साल, पुल्चोक र हेटौंडा शाखालाई स्मार्ट ब्रान्चको रुपमा शुभारम्भ गरिएको थियो । कार्यक्रममा बैंकले प्रकाशन गरेको उपहार २०७५ विमोचन गरिएको थियो ।

कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड यूनियनका अध्यक्षहरुले शुभकामना ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा अर्थ मन्त्रालयमा सह सचिव उत्तरकुमार खत्री, बैंक संचालक समितिका सदस्यहरु, नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रप्रताप शाह, कर्मचारी संचय कोषका कोष प्रशासक तुलसी गौतम, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी र सुशिल श्रेष्ठ, ब्राण्ड एम्बासडर मिस नेपाल २०१८ श्रृंखला खतिवडा, नायव महाप्रवन्धकहरु केशब प्रसाद लम्साल, टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, विभागिय प्रमुखहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिती रहेको थियो ।



